☎ 087 460200
087 460020
Fax 087 460020
Website:-daomugu.moha.gov.np
E-mail Add:-daomugu5@gmail.com

नेपाल सरकार
# गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मुगु

पत्र संख्या:-०७६।०७७
चलानी नं: ८९२

मिति २०७६।१२।१६

विषयः कोरोना भाइरस रोकथाम एवं नियन्त्रणको पूर्वसावधानी एवं तयारी सम्बन्धमा

श्रीमान् नगरप्रमुख ज्यू, छायाँनाथ रारा नगरपालिका, गमगढी, मुगु ।
श्रीमान् अध्यक्ष ज्यू, सोरु गाउँपालिका, सोरुकोट, मुगु ।
श्रीमान् अध्यक्ष ज्यू, खत्याड गाउँपालिका, खत्याड, मुगु ।
श्रीमान् अध्यक्ष ज्यू, मुगुम कार्मारोङ, गाउँपालिका,पुलु, मुगु ।

विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम एवं नियन्त्रणमा पूर्वसावधानी एवं तयारीका लागि पूर्वपत्रहरुबाट तहाँ अनुरोध गरिएको व्यहोरा अवगत नै छ ।यस सम्बन्धी संवेदनशितलालाई ध्यानमा राखि सबै स्थानीय तहहरुले आवश्यकतानुसार आपतकालीन बैठकहरु समेत राखी कोरोना विरुद्ध निम्नानुसार कार्यहरु गर्न गराउनु हुन पुनः अनुरोध गरिन्छ ।

१) प्रत्येक वडाहरुमा बेड, औषधि, आवश्यक खाद्यान्न, शौचालय, खानेपानी, विद्युत लगायतका अत्यावश्यक पूर्वाधार सहित प्रत्येक वडामा कम्तीमा १०/१० वटा बेड सहितको क्वारेण्टाइन स्थापना गर्ने।
२) स्थानीय तहको प्रत्येक स्वास्थ्य चौकीहरुमा एक-एक वटा आइसोलेशन बेड स्थापना गर्ने।
३) आ-आफ्नो पालिकाभित्र प्रत्येक वडाहरुलाई मास्क, स्यानिटाइजर, साबुन लगायतको आवश्यक सामग्रीहरु जनतालाई उपलब्ध गराउन पहल गर्ने ।सचेतनाको लागि प्रत्येक वडाहरुमा माइकिङ्ग, प्रचारप्रसार गर्ने गाराउने ।
४) कोरोना भाइरसको रोकथाम एवं नियन्त्रणका लागि खटिने स्वास्थ्यकर्मी र प्रहरी प्रशासनलाई प्रोत्साहित गर्ने व्यवस्था । सुरक्षाकर्मीहरुको सुरक्षाको लागि चाहिने PPE लगायत आवश्यक उपकरणहरुको व्यवस्था गर्ने गराउने ।
५) आ-आफ्नो पालिकामा बाहिरबाट प्रवेश गर्ने सबैलाई अनिवार्य रुपमा हेल्थडेस्कमा स्वास्थजाँच गराएरमात्र प्रवेश गर्न दिने र विदेश/भारतबाट आएका व्यक्तिहरुलाई १४ दिनसम्म क्वारेण्टाइनमा अनिवार्य रुपमा राख्ने ।साथै, कोरोनाको लक्षणसंग मिल्ने संकास्पद विरामीहरुलाई अनिवार्य आइसोलेशनमा राखि उपचार गराउने व्यवस्थापन हुन ।
६) क्वारेण्टाइन क्षेत्रमा सुरक्षाका लागि नजिकको प्रहरी चौकीसंग र औषधि एवं स्वास्थ्यकर्मीहरुको लागि स्वास्थ्य सेवा कार्यालयसंग आवश्यक समन्वय गर्ने ।
७) कोरोना भाइरसको लक्षण देखिने कुनै बिरामी फेला परेमा निजहरुलाई तुरुन्त आइसोलशनमा पठाई सो को जानकारी स्वास्थ्य सेवा कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय लगायतका सुरक्षा निकायहरुलाई गर्ने गराउने ।

☎ 087 460200
087 460020
Fax 087 460020
Website:-daomugu.moha.gov.np
E-mail Add:-daomugu5@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मुगु

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या:-०७६।०७७
चलानी नं: ८९

मिति २०७६।१२।१६

८) यस विषयको संवेदनशीतालाई बुझी आपतकालिन बजेट तथा कार्यक्रम व्यवस्था गरी सवै जनप्रतिनिधीहरु/कर्मचारीहरु तिव्रताका साथ परिचालन गर्ने गराउने । स्थानीय शिक्षक/कर्मचारीहरु, गैसस/सामाजिक संघसंस्था/क्लवहरुलाई समेत परिचालन गर्ने गराउने ।

९) दैनिक कामगरी जीवनयापन गर्ने विपन्न परिवारहरुलाई विशेष राहतको कार्यक्रम ल्याई कार्यान्वियन गर्ने गराउने ।

१०) यस विशेष परिस्थितिमा स्रोतसाधनहरुको अधिकतम परिचालन गर्ने ।

११) गाउँघरमा भिडभाड हुने कुनै पनि कार्यहरु गर्न नदिने, स्थानीय प्रहरीसंग समन्वय राखी कार्य गर्ने गराउने।

१२) दैनिक उपभोग्य सामग्रीहरुको सहज आपुर्तिको व्यवस्था मिलाउने, खाद्यान्न लगायत आवश्यकीय सामग्रीको मौज्दात विश्लेषण गरी जिल्ला प्रशासन कार्यालयलाई समेत जानकारी गराउने ।

१३) प्रत्येक दिन अपराह्न ४.०० बजेसम्म प्रमुख प्रशासकिय अधिकृत/स्वास्थ्य संयोजकले यस सम्बन्धी भएको अवस्थाको Update सहायक प्रमुख जिल्ला अधिकारी श्री केशव ज्ञवाली (मोवाईल नं. ९८५८३२२६६६, ईमेल kbgyawali@gmail.com/daomugu5@gmail.com) मुगुमा लिखित/मौखिक रुपमा अनिवार्य गर्ने गराउने । निरन्तर सम्पर्कमा रहने व्यवस्था मिलाउने ।

१४) विदेश/भारतबाट आएका व्यक्तिहरुको प्रत्येक वडा अध्यक्ष/वडा सचिव परिचालन गरी लगत यथासिघ्र खडा गर्ने र सो विवरण अविलम्व यस कार्यालयमा समेत पठाउने ।

बोधार्थः-

श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरवार ।
श्री राष्ट्रिय आपतकालिन संचालन केन्द्र, सिंहदरवार ।
श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सुर्खेत ।
श्री जिल्ला समन्वय समिति, मुगु (आवश्यक अनुगमन, समन्वय, सहजीकरण हुन) ।
श्री जिल्ला प्रहरी कार्यालय, मुगु (आवश्यक समन्वय, सहजीकरण, सहयोग गर्नहुन) ।
श्री स्वास्थ्य सेवा कार्यालय, मुगु (आवश्यक समन्वय, सहजीकरण, सहयोग हुन) ।
श्री नेपाल रेडक्रस सोसाइटी, मुगु (आवश्यक समन्वय, सहजीकरण, सहयोग हुन) ।
श्री गैर सरकारी संस्था महासंघ, मुगु (आवश्यक समन्वय, सहजीकरण, सहयोग हुन) ।
श्री नेपाल पत्रकार महासंघ, मुगु (आवश्यक समन्वय, सहजीकरण, सहयोग हुन) ।
श्री अध्यक्ष, नागरिक समाज, मुगु (आवश्यक समन्वय, सहजीकरण, सहयोग हुन) ।

(कृष्ण कुमार निरौला)
प्रमुख जिल्ला अधिकारी